लिखु पिके गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
चौलाखर्क, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

लिखु पिके गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशु सेवा शाखा चौलाखर्क, सोलुखुम्बु कोशी प्रदेश

प.सं.:०८०/०८१
च.नं.: 2

श्री लिखु पिके गाउँपालिकाका सबै वडा,

मिति:२०८०/०४/२८

### बिषय : लम्पी स्किन रोग बारे अत्यन्त जरुरी सूचना

प्रस्तुत बिषयमा देश ब्यापी रुपमा गाई/भैसीमा फैलिरहेको लम्पी स्किन रोग यस गाउँपालिका भित्र पनि ब्यापक रुपमा देखिएकोले गाउँकार्यपालिकाको कार्यालय, पशु सेवा शाखामा उक्त रोगको शंका लागेमा खबर गरी सामान्य पशु उपचार गर्न हुन सबैमा जानकारीको लागी सूचना प्रकाशित गरिएको छ ।

**रोगका लक्षणहरुः**

१. शरीरका विभिन्न भागहरुमा बिशेष गरी घाँटी, अगाडी,पछाडीको खुट्टाहरुमा, पेट र थुन वरिपरी साना देखि साना,ठूला गिर्खाहरु देखिने तथा ह्याकुलो सुन्निने ।
२. उच्च ज्वरो आउने (१०४ डि.फ. माथी)
३. कचेरा निकाल्ने,सिंगान बग्ने तथा मुखबाट फिंज निकाल्ने ।
४. ब्याउने पशु भएमा गर्भ तुहिने तथा बाँझोपन देखिन सक्ने ।
५. दुध उत्पादनमा २५ देखि ८० प्रतिशत सम्म कमि आउने ।
६. अरुचि हुने र झोक्राउने ।
७. रोग लागेको १४ दिन सम्ममा रोगको लक्षण देखिने ।
८. अन्तमा पशुहरु अति कम्जोर भई मर्न सक्ने ।

**रोगी पशुहरुको हेरचाह :**

१.रोग देखा पर्ने वित्तिकै विरामी पशुहरुलाई स्वस्थ पशु भन्दा छुटै राख्ने ।
२. प्रशस्त मात्रामा सफा पानी खान दिने ।
३. पातलो कुँडो वा नरम घाँस दिने ।
४. गोठमा लामखुट्टे, झिंगा, किर्ना र भुसुना लाग्न नदिने, गोठ वरिपरी झाडी तथा बुट्यान सफा गर्ने, गोठ भित्र फिनेलको घोलले सफा गर्ने, पशुको वरिपरी किरा/ भुसुना भगाउने स्प्रे,प्रयोग गर्ने ।
५. रोगी पशुहरुलाई आवतजावत नगराउने ।

**थप जानकारीको लागी प्राविधिकहरुको सम्पर्क ननम्बर,**

१. रमेश कुमार कार्की ९८६१३८४६२७ (वडा नं.-सबै)
२. अर्जुन कुमार राई ९८४२२१९२०९ (वडा नं.-३)
३. रस्मिला देवकोटा ९८६३९३७५०८ (वडा नं.-३)
४. लक्ष्मण बस्नेत ९८४०९८१४७६ (वडा नं.-१)
५. प्रकाश बस्नेत ९८६२३३३०४६ (वडा नं.-२)
६. अनिसा राई ९७४८४६४१२३ (वडा नं.-४
७. शिब श्रेष्ठ ९८४४२५०५६४ (वडा नं.-५)

लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
चौलाखर्क, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

लिखु पिके गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशु-सेवा शाखा चौलाखर्क, सोलुखुम्बु कोशी प्रदेश

प.सं.:०८०/०८१
च.नं.: 2

मिति:२०८०/०४/२८

## लम्पी स्किन रोगबारे बारम्बार सोधिने प्रश्नहरु

१ लम्पी स्किन कस्तो किसिमको रोग हो?

लम्पी स्किन रोग पोक्सभाइरिडि (Poxviridae) परिपार अन्तर्गतको क्याप्रिपक्स प्रजातिको लम्पी स्किन डिजिज भाइरसका कारण अत्याधिक संख्यामा गाईभैंसीहरुमा संक्रमण गराउने सीमाबिहिन पशु रोग हो।

२. लम्पी स्किन रोग कुन कुन पशुमा लाग्छ?

लम्पी स्किन रोग विशेष गरी गाई,भैंसी,पाडापाडी,बाच्छाबाच्छीमा लाग्छ।यो रोगबाट उन्नत नश्लका बढी उत्पादन दिने पशुमा बढी प्रभावित हुन्छन्।

३. भेडा बाखमा लम्पी स्किन रोग लाग्छ कि लाग्दैन?

हालसम्म प्राप्त तथ्यहरुका आधारमा यो रोग भेडा,बाखामा लागेको देखिएको छैन।

४. लम्पी स्किन रोग कसरी सर्छ?

लम्पी स्किन रोग लामखुट्टेले टोक्ने,रगत चुस्ने झिंगा (डाँस),किर्ना,भसुना र भिविन्न किसिमका टोक्ने खालका किराहरुको टोकाई बाट सर्ने गर्छ।संक्रमित पशुको प्रत्यक्ष सम्पर्कमा आएका अन्य पशु,लसपस भएका दानपानी,घाँसपात,सोत्तरबाट सर्छ।

५, लम्पी स्किन रोगका लक्षणहरु के के हुन?

लम्पी स्किन रोग लागेकममा पशुमा निम्नानुसाका लक्षणह देखिन्छ।

- उच्च ज्वारो (१०४ डि.फ. भन्दा बढी) आउने।
- दाना पानी कम खाने र दुध उत्पादन घट्ने।
- छालामा साह्रो गोली गिर्खा/गाँठाहरु देखिने,गिर्खाहरु केही समय पछि गिर्खा फुटेर गहिरो घाँउ हुने/ औंसा पर्ने।
- खुट्टा/जोर्नी सुनिन्ने।
- नाक,मुख,ह्याकुला,कल्चौडा,थुन सुनिन्ने/ साह्रो हुने।
- आँसु,र्याल,सिंगान आउने,चिप्रा/कचेरा लाग्ने।
- गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने।
- केही पशुमा लक्षण नदेखिन पनि सक्ने।

६. के लम्पी स्किन रोग लागेका पशु सबै मर्छन?

लम्पी स्किन रोग संक्रमित मध्ये सामान्यतया २ देखि ३ प्रतिशत पशु मर्न सक्छन्। बिरामी पशुले स्याहार सुसार र प्राथमिक उपचार नपाएमा मृतुदर बढ्न पनि सक्छ। सामान्यतया यस रोगका कारण बाच्छाबाच्छी,जोत्ने गोरु,उन्नत जातका बढी दूध दिने दुधालु र गर्भिणी गाईभैंसी मर्न सक्छन्।

७.लम्पी स्किन रोग मानिसमा सर्छ कि सर्दैन?

हाल सम्म यो रोग पशुबाट मानिसमा सरेको प्रमाण भेतिएको छैन।

८.लम्पी स्किन रोग लागेका पशुलाई चराउन,आहाल बसाउन, बिकिवितरणका लागि हाटबजारमा लैजान हुन्छ कि हुदैन?

लम्पी स्किन रोग अति संक्रामक र प्रत्यक्ष सम्पर्कमा आउने अन्य पशुलाई सजिलैसँग सर्न सक्ने प्रकृतिको भएकोले रोग देखा परेको क्षेत्रमा पशुलाई सामुहिक चरण / खर्कमा चराउन, साझा आहालमा बसाउन,हाटबजार वा अन्यत्र लैजान हुदैन।

ईमेलः-likhupikerm@gmail.com, वेबसाइटः-www.likhupikemun.gov.np,
फोन नं. ९८६१३८४६२७, पशु सेवा शाखा ईमेलः-Lpkrmvet015@gmail.com

लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
चौलाखर्क, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

लिखु पिके गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशु-सेवा शाखा चौलाखर्क, सोलुखुम्बु कोशी प्रदेश

प.सं.:०८०/०८१
च.नं.: 2

९.लम्पी स्किन रोगको खास उपचार के हो?

लम्पी स्किन रोग भाईरसबाट लाग्ने रोग भएकोले यस्को खासै उपचार छैन। रोगी पशुले देखाउने लक्षण अनुसार उपचार गर्नुपर्छ। सामान्यतया ज्वरो घटाउने,चिलाउन कम गर्ने, घाँउ सुकाउने र घाउमा झिँगा बस्न नदिन प्राविधिकको सल्लाह अनुसार उपचार गर्नुपर्छ। उपचार बाहेक बिरामी पशुलाई प्रशस्त मात्रामा पानी,कुँडो, नरम घाँस,झोलिलो पदार्थ, सख्खर पानी,ईलेक्ट्रोलाइट खुवाउनु पर्छ।

१०.के निको भएको पशुले अन्य पशुलाई रोग सार्न सक्छन्?

हालसम्म भएका अध्ययन अनुसन्धान अनुसार एक पटक लम्पी स्किन रोग लागेर निको भएको पशुले अन्य पशुलाई रोग सारेको देखिएको छैन।

११.लम्पी स्किन रोग लागेको पशुको दूध खान हुन्छ कि हुँदैन?

लम्पी स्किन रोग संक्रमित पशुको दूध खाँदा मानिसमा रोग सर्दैन। यो रोग लागेको बेलामा पशुमा दूध उत्पाद धेरै घट्ने हुन्छ। लक्षण देखाएका वा नदेखाएका संक्रमित पशुको दूध बजारमा आउन सक्ने हुँदा दूध राम्ररी उमालेर सेवन गर्नु उपयुक्त हुन्छ। बिरामी पशुमा एन्टिवायोटिक प्रयोग गरिएको भएमा त्यस्ता पशुमा एन्टिबायोटिक प्रयोग शुरु भएदेखी प्रयोग गर्न छोडिएको दिनबाट कम्तीमा एक हप्ता अवधिसम्मको दूध सेवन गर्नु हुँदैन।

१२.लम्पी स्किन रोगबाट आफूले पालेका पशुलाई कसरी सुरक्षित राखे?

यो रोग फैलिएको अवस्थामा रोग देखा परेको क्षेत्रभन्दा बाहिरका ३ महिनाभन्दा बढी उमेर समुहका स्वास्थ,गाई,भैसीलाई खोप उत्पादकले तोकेको मात्रामा लम्पी स्किन रोग विरुद्ध वर्सेनि खोप लगाउने। नयाँ पशु गोठमा भित्र्याउँदा बथानमा नमिसाई कम्तीमा २८ दिन अलग्गै राखी रोगको लक्षण नदेखाएमा मात्र बथानमा मिसाउने,गोठम नियमित रुपमा सरसफाइ गरी फिनेल छर्ने लगायतका जैविक सुरक्षाका विधिहरुको पालना गर्ने।

१३. लम्पी स्किन रोग विरुद्धको खोप नेपालमा उपलब्ध छ कि छैन?

लम्पी स्किन सोग विरुद्ध प्रयोग गर्ने खोप नेपालमा उपलब्ध छ। हालसम्म नेपालमा यस रोग विरुद्ध खोप उत्पादन नभएको हुँदा पशु सेवा विभागबाट आयात अनुमति प्रस गरे अनुसार विभिन्न विदेशी कम्पनीबाट उत्पादित लम्पी स्किन रोग विरुद्ध प्रयोग गर्ने खप नेपाली बजारमा किन्न पाइन्छ।

१४. गर्भिणि/ ब्याउने पशुलाई लम्पी स्किन रोग विरुद्ध खोप लगाउन सकिन्छ कि सकिदैन?

गर्भिणी / ब्याउने पशुलाई लम्पी स्किन रोग विरुद्ध खोप लगाउन सकिन्छ। यसरी खोप लगाएमा गर्भमा रहेका बाच्छाबाच्छी समेत जन्मेको तीन महिना सम्म यो रोगबाट बचाउन सकिन्छ।

१५.लम्पी स्किन रोग लागेको पशुलाई लम्पी स्किन रोग विरुद्ध खोप लगाउने कि नगाउने?

लम्पी स्किन रोगबाट संक्रमित पशुलाई लम्पी स्किन रोग विरुद्ध खोप लगाउनु हुदैन। यद्यपि रोग लागेर निको निको भएका पशुलाई १ बर्षपछि लगाउनु पर्छ।

१६.लम्पी स्किन रोग लागेर निको भएको पशुलाई तत्काल लम्पी स्किन रोग विरुद्ध खोप लगाउने कि नलगाउने?

लम्पी स्किन रोग लागेर निको भएका पशुलाई लम्पी स्किन रोग विरुद्ध खोप लगाउनु पर्दैन। यस्ता पशुमा यो रोग विरुद्ध लामो समय प्रतिरोध क्षमता कायम रहने हुँदा खोपको आवश्यता पर्दैन तर रोग लागेर निको भएको एक बर्ष पछि खोप लगाउनु पर्छ।

प.सं.:०८०/०८१
च.नं.: ४

१७.गोट पोक्स विरुद्धको खोप लगाएमा लम्पी स्किन रोगबाट पशु सुरक्षित हुन्छ कि हुदैन?

लम्पी स्किन रोग विरुद्ध धेरै प्रकारका खोप लगाउन सकिने भएता पनि खोपको प्रभावकारीता र खोप लगाएका पशुलाई लामो अवधिसम्म यस रोग बाट बचाउन सरकारले अनुमति दिएको लम्पी स्किन विरुद्धको खोप (निथ्लिङ स्ट्रेन) मात्र प्रयोग गर्नु उपयुक्त हुन्छ।

१८. लम्पी स्किन रोगका विरुद्धको खोप लगाइसकेपछि कुनै नराम्रो असर हुन्छ कि हुदैन?

लम्पी स्किन रोग विरुद्ध खोप लगाएका पशुमा कहिलेकाही यस रोग सँग मिल्दानल्दा लक्षण देखिन सक्छ। सामान्यतया यो रोग विरुद्ध खोप लगगाएको दश दिन भित्र सामान्य ज्वरो आउने,शरीरमा गाँठागुँठी आउने जस्ता लक्षण देखिन सक्छन् तर यस्ता लक्षण केहि दिनमा आफै कम भएर जान्छन्।

१९. लम्पी स्किन विरुद्धको खोप लगाइसकेको अवस्थामा समेत गाईमा लम्पी स्किन रोग देखियो। के यस्तो सम्भव छ?

लम्पी स्किन रोग विरुद्ध खोप लगाएका पशुमा विरुद्ध प्रतिरोध क्षमता विकास हुन करिब तीन हप्ता लाग्छ। यो अवधिमा संक्रमित पशुको सम्पर्कमा आएमा वा संक्रमण बोकेका लामखुट्टे लगायतका किराले टोकेमा रोग लाग्न सक्छ। त्यसैले खोप लगाए पश्चात समेत तीन हप्तासम्म रोग सर्न नदिन विशेष ख्याल गर्नु पर्छ।

२०.एक पटक खोप लगाएपछि कहिलेसम्म लम्पी स्किन रोग लाग्दैन?

एक पटक लम्पी स्किन रोग विरुद्ध खोप लगाइसकेको तीन हप्तापछि कम्तीमा एक बर्षसम्म यस रोग विरुद्ध प्रतिरोधात्मक क्षमता रहन्छ।

## लम्पी स्किन रोग संक्रमित पशुहरुको लागि प्रयोग गर्न सकिने उपचार विधिः

लम्पी स्किन रोग गाई/गारु/राँगा/भैसीमा क्याप्रीपक्स भाइरस अन्तर्गतको लम्पी स्किन रोग भाइरसका कारण लाग्ने रोग हो। यो सामान्यतया टोक्ने वा रगत चुस्ने झिंगा (डाँस), लामखुट्टे,किर्ना,भुसुना जस्ता किराहरुको टोकाइ, संक्रमित पशु एक स्थानबाट अन्यत्र लैजाँदा वासंक्रमित पशुको सम्पर्कमा आएका अन्य पशुमा सजिलै सरी छोटो समयमा धेरै स्थानमा फैलिन सक्ने प्रकृतिको भएकोले यस रोगको शीघ्र पहिचान तथा नियन्त्रण गर्न आवश्यक छ। हाल नेपालमा अधिकांश जिल्लाममा यो रोग देखा परेको छ।

### रोग देखिएका पशुलाई गरिने उपचार विधिः

१. रोगी पशुलाई निरोगी पशुबाट छुट्टाई अलगै राख्ने।

२. रोगी पशुलाई प्रशस्त ममात्रामा पानी,कुडो वा नरम घाँस, झोलिलो पदार्थ, सख्खर /गुँड पानी, इलेट्रोलाइट खुवाउने।

३. ज्वरो आएका पशुलाई आराम गराउने,जोत्ने, भारी बोक्ने काममा नलगाउने।

४. रोगको लक्षणका आधारमा देहाय अनसारको उपचार गर्ने।

- Paracetamol 1500mg र Meloxicam 100 mg भएका बोलस वा इन्जेक्सन दिने।
  - ✓ ठूला पशुलाईः २ बोलस, र सुई 1ml /10 kg body weight अनुसार हरेक ८ घण्टाको फरकमा दिने।
  - ✓ साना पशुलाईः १ बोलस, र सुई 1ml /10 kg body weight अनुसार हरेक ८ घण्टाको फरकमा दिने।
- ८ घण्टाको फरकमा औषधी दिंदा ज्वरो कम नभएमा ४ देखी ६ घण्टाको फरकमा पुनःप्रयोग गर्ने।
- शरिरमा चिसो पानीमा भिजाइएको सफा कपडा,बोरा प्रयोग गरी पानी पट्टी लगाउने।

५. गाँठा गुठी/ गिर्खा र चिलाउने कम गर्नका लागीः

- Chlorpheniramine maleate/ Pheniramine maleate
  - ✓ ठूला पशुलाईः 10- 15 ml ,२४ घण्टाको फरकमा सुई लगाउने।
  - ✓ साना पशुलाईः 3- 5 ml ,२४ घण्टाको फरकमा सुई लगाउने।
- दाना पानी खान नसकेका र अत्यतै कम्जोर पशुलाई २० प्रतिशत रिन्टोज/ डेकस्ट्रोज सलाईन दिने।

लिखु पिके गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशु-सेवा शाखा चौंलाखर्क, सोलुखुम्बु कोशी प्रदेश

प.सं.:०८०/०८१
च.नं.: १

- फुटेका घाँउमा एन्टिसेपटिक झिंगा नबस्ने मलम वा स्प्रे लगाउने।
- भिटामिन ई र सेलेनियम मिसाएको बोलस खुवाउन वा सुई लगाउने।

६. गर्भिणी वा दुध दिने बाहेकका पशुलाईः

- Oxytetracycline Long Acting: 1ml /10kg body weight bid for 3-5 days
- Tetracycline Bolus 500mg
  - ✓ ठूला पशुलाईः 2 Bolus Bid
  - ✓ साना पशुलाईः 1 Bolus Bid

७.गर्भिणी वा दुध दिने पशुमाः

- Procaine Penicillin Long Acting: 1 ml / 20 kg body weight ४८ घण्टाको फरकमा दुई पटक।

**संक्रमण रोकथमका उपायः**

१ संक्रमित क्षेत्र भन्दा बाहिरका स्वास्थ ३ महिनाभन्दा बढी उमेर समुहका पशुलाई उत्पादकले तोकेको मात्रामा लम्पी स्किन विरुद्ध बर्षेनि खोप लगाउने।

२. गर्भिणी संक्रमित पशुबाट जन्मेका बाच्छाबाच्छी/ पाडापाडीलाई ४ महिना पछि खोप लगाउने।

३. संक्रमणबाट निको भएका पशुलाई १ बर्ष पछाडी मात्र खोप लगाउने।

४. गोठमा झिँगा,लामखुट्टे,भुसुना लाग्न नदिन गोठ वरिपरि धुँवा लगाउने।

५. गोठमा अनावश्याक ब्यक्तिलाई आवतजावत गर्न नदिने।

६. संक्रमित क्षषेत्रबाट पशुको ओसारपसार नगर्ने/नगराउने।

७. संक्रमित साँढे वा राँगो रोग निको नभए सम्म प्रजनन्को लागि प्रयोग नगर्ने/ नगराउने।

८. गोठखोर सफा राखी नियमित फिनेल पानी छर्किने।

९. नयाँ पशु गोठमा भित्राउँदा बथानमा नमिसाई कम्तिमाम २८ दिन अलगग्गै राख्ने।

१०. मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा खरानी संग पुर्ने।

**थप जानकारीको लागी प्राविधिकहरुको सम्पर्क नम्बर,**

१. रमेश कुमार कार्की ९८६१३८४६२७ (वडा नं.-सबै)
२. अर्जुन कुमार राई ९८४२२१९२०९ (वडा नं.-३)
३. रस्मिला देवकोटा ९८६३९३७५०८ (वडा नं.-३)
४. लक्ष्मण बस्नेत ९८४०९८१४७६ (वडा नं.-१)
५. प्रकाश बस्नेत ९८६२३३३०४६ (वडा नं.-२)
६. अनिसा राई ९७४८४६४१२३ (वडा नं.-४
७. शिव श्रेष्ठ ९८४४२५०५६४ (वडा नं

.............
अर्जुन कुमार राई
नि.शाखा प्रमुख

अर्जुन कुमार राई
निमित्त पशु सेवा शाखा प्रमुख